# रामपुर नगरपालिका

# स्थानीय राजपत्र

खण्डः ३ संख्याः ४ मितिः २०७६/०६/०३

## भाग -२

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ बमोजिम रामपुर नगरपालिकाको नगर कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

## रामपुर नगरपालिकाको

## विपन्न परिवार संस्थागत सुत्केरी प्रोत्साहन विमा तथा छोरी जन्म प्रोत्साहन भत्ता सम्बन्धी कार्यविधि, २०७६

**प्रस्तावनाः-**

मातृशिशु स्वास्थ्य सेवा कार्यक्रमलाई थप प्रभावकारी बनाउन रामपुर नगरपालिकाबाट स्वास्थ्य संस्थामा सुत्केरी हुन जाने महिलाहरुलाई न्यूनतम विमा शुल्क बराबरको आर्थिक सहायत उपलब्ध गराउने र छोरी जन्माउने महिलालाई मनोबल बढाउन थप आर्थिक सहायत उपलब्ध गराई शुन्य होम डेलिभरीमा पुर्याउनको लागि बजेट व्यवस्था गरेकोले कार्यसञ्चालन गर्न कार्यविधि अवश्यक भएको हुँदा,

रामपुर नगरपालिकाले **"विपन्न परिवार संस्थागत सुत्केरी प्रोत्साहन विमा तथा छोरी जन्म प्रोत्साहन भत्ता सम्बन्धी कार्यविधि २०७६"** तयार गराइएको छ।

**१. संक्षिप्त नाम र प्रारम्भः-**

(क) यस कार्यविधिको नाम **"विपन्न परिवार संस्थागत सुत्केरी प्रोत्साहन विमा तथा छोरी जन्म प्रोत्साहन भत्ता सम्बन्धी कार्यविधि २०७६"** रहेको छ।

**(ख)** यो कार्यविधि नगरकार्यपालिकाबाट पारित भएपछि तुरुन्त लागु हुनेछ।

२. **परिभाषाः-** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः-

**(क) "स्वास्थ्य संस्था"** भन्नाले नेपाल सरकारको मान्यता प्राप्त स्वास्थ्य संस्थाहरु सरकारी वा गैरसरकारी दुवैलाई वुझ्नुपर्छ।

**(ख) "बार्थिङ्ग सेन्टर"** भन्नाले सुरक्षित सुत्केरी हुनको लागि स्वीकृत मापदण्ड अनुसार सुत्केरी गराउने स्वास्थ्य संस्थालाई वुझ्नुपर्छ।

**(ग) "शोध भर्ना रकम"** भन्नाले सुत्केरी परिवारले एक वर्ष भित्रको लागि विमा प्रिमियम न्यूनतम शुल्क तिरी लिएको रसिद अनुसार नगरपालिका आर्थिक प्रशासन शाखा समक्ष शोध भर्नाका लागि मागेको रकम सम्झनुपर्छ।

**(घ) "स्थानीय तह"** भन्नाले रामपुर नगरपालिकालाई सम्झनुपर्छ।

**(छ) "छोरी जन्म प्रोत्साहन भत्ता"** भन्नाले स्वास्थ्य संस्थामा गई सुत्केरी भएका महिलालाई छोरी जन्मेमा नगरपालिकाबाट थप उपलब्ध गराउने रकम बुझ्नुपर्छ।

**(च)** "सरकारी कर्मचारी" भन्नाले संघ, प्रदेश र स्थानीय तहमा कार्यरत शिक्षा सेवा. स्वास्थ्य सेवा र निजामती तथा स्थानीय तहका कर्मचारीलाई बुझ्नुपर्छ।

## ३. उद्देश्यः-

१. मातृशिशु स्वास्थ्य सेवाको पहुँच बढाई शोध भर्ना विमा रकमबाट मातृ तथा नवजात शिशुको उपचार तथा पोषणा सुधार गर्न परिवारमा आर्थिक सहायत उपलब्ध गराउनु यसको मुख्य उद्देश्य हो।

२. छोरी जन्म प्रोत्साहन भत्ताले आमा तथा परिवारमा छोरी जन्मदा नकारात्मक भावनालाई सकारात्मक तुल्याउनु यसको उद्देश्य हो।

## ४. सेवा लिने प्रक्रियाः-

१. गर्भवति भएको थाहा हुना साथ वडा कार्यालयमा गई गर्भ दर्ता गराउने।

२. स्वास्थ्य संस्थामा नियमीत **(कम्तीमा ४ पटक- गर्भको चौथौ महिना, छैठौं महिना, आठौं महिना र नवौ महिना अनिवार्य)** नियमीत गर्भ परिक्षण गराउने।

३. पायक पर्ने वार्थिङ्ग सेन्टरमा सुत्केरी हुन जाने र वार्थिङ्ग सेन्टरले रेफर गरेमा सम्बन्धित अस्पताल पुगि बच्चा जन्माउने र जन्म प्रमाण पत्र लिने।

४. सुत्केरी पश्चात कम्तीमा तिन पटक **(२४ घण्टा भित्र स्वास्थ्य संस्थामा, तिन दिन भित्र महिला स्वास्थ्य स्वयमसेविकासँग, सात दिन भित्र महिला स्वास्थ्य स्वयमसेविकासँग)** स्वास्थ्य अवस्था जाँच तथा परामर्श लिने।

५. नवशिशुलाई पायक पर्ने खोप केन्द्रमा लगी नियमानुसार खोप लगाई खोपको मात्रा पुरा गर्ने ।

६. ३५ दिन भित्र जन्मदर्ता गराईसक्ने।

७. आमा र नवशिशुको विमा गराउने।

८. बच्चा जन्मेको तीन महिना भित्र आवश्यक कागजातहरु रामपुर नगरपालिका स्वास्थ्य शाखामा पेश गरिसक्नुपर्नेछ । सो पछि आएका निवेदन उपर विमा गराउन वा शोधभर्ना रकम उपलब्ध गराउन नगरपालिका वाध्य हुने छैन।

९. विमा शोध भर्नाको रकम प्राप्त गर्नको लागि संलग्न हुनुपर्ने कागजातहरुः-

क) नागरिकताको प्रतिलिपी (नागरिकता नगरपालिका बाहिरको भई विवाह रामपुरमा भएको महिलाको लागि विवाह दर्ता प्रमाण पत्र प्रतिलिपी पेश गर्ने।)

ख) नियमीत गर्भ परिक्षण प्रमाण प्रतिलिपी।

ग) स्वास्थ्य संस्थाबाट प्राप्त जन्म प्रमाण पत्र प्रतिलिपी।

घ) जन्म दर्ता प्रमाण पत्र प्रतिलिपी।

ङ) आमा र नवशिशुको विमा कार्डको प्रतिलिपी।

च) रेफर भएका सुत्केरी महिलाका लागि रेफरको फोटोकपि वा बर्थिङ्ग सेन्टरले रेफर गरेको भन्ने प्रमाणित पत्र।

छ) स्वास्थ्य विमा गर्दा शुल्क तिरेको रसिद वा नविकरण गर्दा शुल्क तिरेको रसिद

ज) शोधभर्ना रकम प्राप्त गर्नको लागि निवेदन ।

झ) सरकारी कर्मचारीको हकमा उपदफा १,२ र ५ को नियम लागु हुनेछैन।

**पुनश्चः** माथि उल्लेखित वुदा नं ३ मा ४ पटक नियमित गर्भ जाचँ लेखिएको भएतापनि समय नपुगि जन्म भएकाहरुको हकमा यो नियम लागु हुनेछैन।

**५. विमा शोधभर्ना रकम भुक्तानी सम्बन्धी न्यूनतम शर्तहरुः**

१. बच्चा जन्मेको तीन महिना भित्र नगरपालिकाको सम्बन्धित बर्थिङ्ग सेन्टर तथा वडा कार्यालयमा उल्लेखित कागजात सहित निवेदन दिई सक्नुपर्नेछ।

२. सुत्केरी महिलाको उमेर २० वर्ष पुगेको हुनुपर्नेछ।

३. नगरपालिका भित्रका बर्थिङ्ग सेन्टरहरुले रेफर गरेकाहरुलाई मात्र विमा रकम उपलब्ध गराईनेछ अर्थात आफू खुसी सुत्केरी सेवाका लागि अन्य संस्थामा सुत्केरी भई आएमा विमा रकम उपलब्ध हुनेछैन।

४. सुत्केरी व्यथा लागी हस्पिटल जाँदै गर्दा बाटोमा नै बच्चा जन्माएको भएता पनि उक्त अवस्थामा नजिकको अस्पताल वा स्वास्थ्य चौकी पुगी सुत्केरी सेवा लिई प्रमाण लिने र निजलाई समेत विमाको रकम उपलब्ध गराईनेछ।

५. विमा शोधभर्ना शुल्क न्यूनतम अंकमा भूक्तानी दिइनेछ । (रु ३५००/- मात्र)

६. छोरी जन्म प्रोत्साहन रकम रु ५००/- मात्र (स्वास्थ्य संस्थामा जन्मलाई मात्र) प्राप्त गर्नका लागि छोरीको नाममा खाता खोली खाता नम्बर स्वास्थ्य शाखामा उपलब्ध गराएपछि रकम खातामा जम्मा गरिनेछ।

७. बच्चा जन्माउनु अगाडि विमा भईसकेको परिवार हकमा सुत्केरी पोषण भत्ता वापत रु १३००/- र बच्चाको लागि थप गर्नुपर्ने (परिवार संख्या पाँच भन्दा माथि पगेमा) रकम रु ७००/- समेत गरी जम्मा रु २०००/- उपलब्ध गराईनेछ ।परिवार संख्या पाँच भन्दा कम भएमा पोषण भत्ता रु १३००/- मात्र उपलब्ध गराईनेछ।

८. विमा शोधभर्ना रकम तथा छोरी जन्म प्रोत्साहन रकम आषाढ २५ गते सम्मको लागि मात्र भूक्तानी हुनेछ।

९. भूक्तानी रकम सकेसम्म बर्थिङ्ग सेन्टर वा वडा कार्यालय मार्फत उपलब्ध गराईनेछ।

## ६. अनुगमन तथा मूल्याङ्कन समिति

१. यस कार्यविधी वमोजिमको कार्य भए वा नभएको अनुगमन र मूल्याङ्कन गर्नका लागि तपसील वमोजिमको समिति रहनेछ।

| | |
|---|---|
| नगर प्रमुख | संयोजक |
| प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| नगरपालिकाको सामाजिक विकास समिति संयोजक वा निजले तोकेको समितिको सदस्य | सदस्य |
| नगर प्रमुखले तोकेको १ जना स्वास्थ्य प्राविधिक वा नगरपालिका सदस्य | सदस्य |
| स्वास्थ्य संयोजक | सदस्य सचिव |

आवश्यकता वमोजिम समितिले बैठकमा कर्मचारी वा अन्य जन प्रतिनिधीलाई आमन्त्रण गर्न सक्नेछ।

२. यो समितिले यो कार्यक्रम कार्यान्वयनको न्यूनतम त्रैमासिक वैठक वसी अनुगमन तथा मूल्याङ्कनको कार्य गर्नेछ।

३. समितिको वैठक वसेवापतको वैठक भत्ता नगरपालिकाको नियमानुसार प्राप्त गर्नेछन्।

४. कुनै विषयमा विवाद परेमा वा यस कार्यविधी वाहेकका अन्य विषयहरु आएमा यस समितिले निर्णय गर्न सक्नेछ।

**७. विविधः**

१. स्वास्थ्य विमा सम्बन्धि प्रतिवेदन स्वास्थ्य शाखाबाट नगरकार्यपालिकामा अर्धवार्षिक रुपमा पेश गर्ने।

*प्रमाणिकरण मितिः २०७६/०६/०३*

**आज्ञाले**

**(बाबुराम अर्याल)**

**प्रमुख प्रशासकीय अधिकृत**